# प्रसौनी गाउँपालिका

## प्रसौनी, बारा

# स्थानीय राजपत्र

खण्ड ७ संख्या १ मिति २०८१।०३।३०


भाग–२

# प्रसौनी गाउँपालिका

## प्रसौनी अस्पताल सञ्चालन तथा व्यवस्थापन नियमावली, २०८१

पन्ध्रौ गाउँसभाबाट पारित मितिः २०८१।०३।३०

प्रमाणीकरण मितिः २०८१।०३।३०

प्रस्तावनाः नेपालको संविधानद्वारा गाउँपालिकाका लागि प्रदत्त आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी एकल अधिकार तथा सोको सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (झ) को उपखण्ड (३) मा अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था भएको काम, कर्तव्य र अधिकारलाई गाउँपालिका क्षेत्रभित्र तत्काल कार्यान्वयनमा लैजान एवम् निर्माणाधीन दस शैयाको आधारभूत अस्पताल प्रचलित कानून बमोजिम सञ्चालनमा नआउञ्जेसम्म गाउँपालिकाको स्वामित्वमा अस्पताल स्थापना गरी चिकित्सा र अन्य स्वास्थ्य सेवा चौविसै घण्टा आम प्रसौनी बासीलाई उपलब्ध गराउन वाञ्छनीय भएकाले, प्रसौनी गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७७ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी मिति २०८१।०३।३० गते बसेको प्रसौनी पन्ध्रौ गाउँसभाको बैठकले यो नियमावली पारित गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यो नियमावलीको नाम "प्रसौनी अस्पताल सञ्चालन तथा व्यवस्थापन नियमावली, २०८१" रहेको छ ।

(२) यो नियमावली प्रसौनी राजपत्रमा प्रकाशित भएपछि प्रसौनी गाउँपालिका क्षेत्रभर लागू हुनेछ ।

२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "अध्यक्ष" भन्नाले नियम (४) बमोजिम गठन हुने समितिको अध्यक्षलाई सम्झनुपर्छ ।

(ख) "अस्पताल" भन्नाले प्रसौनी गाउँपालिका १ नं. वडा, प्रसौनी, बारामा प्रसौनी गाउँपालिकाद्वारा स्थापित दस शैया क्षमताको प्रसौनी आधारभूत अस्पताललाई सम्झनुपर्छ ।

(ग) "कार्यपालिका" भन्नाले प्रसौनी गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनुपर्छ ।

(घ) "कार्यालय" भन्नाले प्रसौनी गाउँ कार्यपालिकाको कार्यालय, प्रसौनी, बारालाई सम्झनुपर्छ ।

(ङ) "कार्यविधि" भन्नाले प्रसौनी गाउँ कार्यपालिकाबाट स्वीकृत प्रसौनी गाउँपालिकामा करार सेवामा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधिलाई सम्झनुपर्छ ।

(च) "कोष" भन्नाले यस नियमावलीको नियम १० मा व्यवस्था भए बमोजिमको कोष सम्झनुपर्छ।

(छ) "निर्देशिका" भन्नाले प्रसौनी गाउँ कार्यपालिकाद्वारा स्वीकृत कार्यसञ्चालन निर्देशिकालाई सम्झनुपर्छ ।

(ज) "नियमावली" भन्नाले प्रसौनी अस्पताल सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७८ लाई सम्झनुपर्छ ।

(झ) "समिति" भन्नाले यस नियमावलीको नियम ४ मा व्यवस्था भएको प्रसौनी आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनुपर्छ ।

(ञ) "स्वास्थ्य शाखा" भन्नाले प्रसौनी गाउँ कार्यपालिकाको कार्यालयको स्वास्थ्य शाखालाई सम्झनुपर्छ ।

(ट) "आन्तरिक लेखापरीक्षण उपशाखा" भन्नाले प्रसौनी गाउँ कार्यपालिकाको कार्यालयको आन्तरिक लेखापरीक्षण उपशाखालाई सम्झनुपर्छ ।

३. प्रसौनी स्वास्थ्य चौकीलाई आधारभूत अस्पतालमा स्तरोन्नती गरी सेवा प्रवाह गरिनेः

(१) प्रसौनी स्वास्थ्य चौकीबाट प्रदान गरिंदै आइएको सम्पूर्ण स्वास्थ्य सेवालाई समेत उपनियम (१) बमोजिम स्थापना हुने आधारभूत अस्पतालबाट नै सेवा प्रदान गरिनेछ।

(२) प्रसौनी स्वास्थ्य चौकीमा कार्यरत स्वास्थ्यकर्मी लगायतका कर्मचारीहरु आधारभूत अस्पताल सञ्चालन गर्न स्वीकृत हुने मिल्दो दरबन्दीमा तत्कालका लागि व्यवस्थापन गरिनेछ ।

४. समितिको गठनः

(१) अस्पतालले उपलब्ध गराउने चिकित्सा र अन्य सेवा अभिवृद्धि गर्दै अस्पतालको सेवा विस्तार र सुदृढ गर्न एक समिति रहनेछ।

(२) उपनियम (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछः

क. प्रसौनी गाउँपालिका १ नं. वडाका वडा अध्यक्ष –अध्यक्ष

ख. कार्यपालिकाबाट मनोनित प्रसौनी गाउँपालिका क्षेत्रभित्रका प्रतिष्ठित समाजसेवी व्यक्तित्वहरुमध्ये कम्तीमा एकजना महिला सहित तीनजना –सदस्य

ग. गाउँपालिका क्षेत्रभित्रका महिला स्वास्थ्य स्वयंसेविकाहरुमध्ये कार्यपालिकाले मनोनयन गरेको एकजना –सदस्य

घ. स्वास्थ्य शाखाको प्रतिनिधि एकजना –सदस्य

ङ. ४ नं. वडाका वडा सचिव –सदस्य

च. अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीहरुमध्ये वरिष्ठतम् एकजना –सदस्य

छ. प्रमुख प्रशासकीय अधिकृतले तोकेको मेडिकल अधिकृत–सदस्य–सचिव

(३) उपनियम (२) बमोजिम मनोनित सदस्यको पदावधि तीन वर्षको हुनेछ।

(४) समितिले सम्बन्धित विषयविज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) उपनियम (१) को खण्ड (ग) र (घ) बमोजिम मनोनित सदस्यले समितिको नियमित बैठकमा लगातार पाँच पटकसम्म विना जानकारी अनुपस्थित भएमा वा आफ्नो पद अनुरुपको आचरण नगरेको वा जिम्मेवारी पूरा नगरेको भनी समितिको बहुमत सदस्यले ठहर गरी कार्यपालिका समक्ष सिफारिस गरेमा त्यस्तो सदस्यलाई जुनसुकै समयमा पदबाट हटाई अर्को व्यक्तिलाई कार्यपालिकाले सदस्य पदमा मनोनयन गर्न सक्नेछ ।

५. समितिको काम, कर्तव्य र अधिकारः यस नियमावलीको अन्यत्र नियममा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) अस्पतालको व्यवस्थापन र सञ्चालन गर्ने,

(ख) कार्यपालिकाको परामर्शमा समितिको आय र व्यय सहितको वार्षिक बजेट स्वीकृत गर्ने,

(ग) अस्पतालको भौतिक सम्पत्तिको रेखदेख, संरक्षण तथा मर्मतसम्भार गर्ने,

(घ) अस्पतालबाट प्रदान गरिने सेवाको सञ्चालन, सुधार र विस्तारका लागि आवश्यक पर्ने स्रोतसाधनको पहिचान तथा खोजी गर्ने,

(ङ) वहिरंग तथा अन्तरंग चिकित्सा सेवा, प्रयोगशाला, रेडियोग्राफी तथा अन्य सेवा उपलब्ध गराए वापत् कार्यपालिकाको स्वीकृती लिई शुल्क निर्धारण गर्ने,

(च) अस्पतालमा कार्यरत अधिकृतस्तरका स्वास्थ्यकर्मीहरुको पाँच दिनसम्मको तथा सहायकस्तरका स्वास्थ्यकर्मीहरुको पाँच दिनभन्दा बढी दश दिनसम्मको विदा स्वीकृत गरी प्रमुख प्रशासकीय अधिकृतलाई जानकारी गराउने र सोभन्दा बढी अवधिको विदा भए प्रमुख प्रशासकीय अधिकृत समक्ष विदा स्वीकृतीको सिफारिस गर्ने ।

(छ) गाउँपालिका क्षेत्रभित्रका नागरिकलाई उपलब्ध गराइने आधारभूत स्वास्थ्य सेवाको प्रवर्द्धनमा कार्यपालिकाले दिएको निर्देशन बमोजिम आवश्यक कार्यक्रमहरु सञ्चालन गर्ने,

(ज) अस्पतालमा गरेका कार्यको समीक्षा गर्ने र आवश्यक निर्णय लिने,

(झ) अस्पताल सञ्चालन र व्यवस्थापन सम्बन्धमा कार्यपालिकाले तोकेको अन्य कार्य गर्ने ।

६. अध्यक्षको काम, कर्तव्य र अधिकारः अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) बैठकको कार्यसूची सहित समितिको बैठक बोलाउने र बैठकको अध्यक्षता गर्ने,

(ख) समितिको बैठकमा मत बराबर भएमा निर्णायक मत दिने,

(ग) अस्पतालको रेखदेख र नियन्त्रण गर्ने,

(घ) यसी समितिको वार्षिक बजेट तयार गर्न लगाई समिति समक्ष पेश गर्ने,

(ङ) अस्पतालको विकास, विस्तार एवम् नेतृत्वदायी भूमिका खेल्न सदैव क्रियाशील रहने,

(च) कार्यपालिका र समितिको निर्णय कार्यान्वयन गर्ने गराउने।

७. समितिको सदस्य सचिवको काम, कर्तव्य र अधिकारः समितिको सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) समितिको सदस्य सचिवको रुपमा कार्य गर्ने,

(ख) समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ग) कार्यालयबाट प्राप्त निर्देशन बमोजिमको कार्य गर्ने, गराउने,

(घ) अस्पतालको सम्पत्तिको रेखदेख गर्ने, गराउने,

(ङ) अध्यक्षसँग परामर्श गरी बैठकको विषय तयार गरी बैठक बोलाउने,

(च) अस्पतालमा कार्यरत अधिकृतस्तरका स्वास्थ्यकर्मीको विदा स्वीकृतीका लागि समिति तथा प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्ने र सहायकस्तरका कर्मचारीको पाँच दिनसम्मको विदा स्वीकृत गर्ने,

(छ) दैनिक प्रशासनिक कार्य गर्ने, गराउने,

(ज) समिति तथा कार्यालयले प्रत्यायोजन गरेका अन्य काम गर्ने, गराउने ।

८. समितिको बैठक र निर्णयः

(१) समितिको बैठक महिनामा कम्तीमा एकपटक बस्नु पर्नेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नुभन्दा कम्तीमा चौविस घण्टा अगावै सदस्य सचिवले बैठकमा छलफल हुने विषय सहितको सूचना सबै सदस्यलाई दिनु पर्नेछ।

(४) समितिको कुल सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले र निजको अनुपस्थितिमा समितिका ज्येष्ठ सदस्यले अध्यक्षता गर्नेछ।

(६) समितिको बैठकको निर्णय सर्वसम्मतीमा हुनेछ । सर्वसम्मतीमा निर्णय हुन नसकेमा अध्यक्ष सहितको बहुमतका आधारमा समितिको निर्णय हुनेछ।

(७) समितिको निर्णय अध्यक्ष र सदस्य सचिवले प्रमाणित गर्नु पर्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

९. स्वास्थ्यकर्मी तथा अन्य कर्मचारी सम्बन्धी व्यवस्थाः

(१) अस्तपालमा अनुसूची १ मा व्यवस्था भए बमोजिमको सेवा/समूहभित्रका पद र संख्याका स्वास्थ्यकर्मी तथा अन्य कर्मचारी (स्थायी तथा करार) रहनेछन्।

(२) उपनियम (१) बमोजिमको दरबन्दीभित्रको सेवा/समूहसँग मिल्दो स्वास्थ्यकर्मीको व्यवस्थापन गाउँपालिका क्षेत्रभित्रका स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य केन्द्रमा स्थायी तथा करार सेवामा कार्यरत स्वास्थ्यकर्मीहरुबाट अस्पतालमा कामकाज गर्ने गरी कार्यालयले खटाउन सक्नेछ ।

(३) उपनियम (१) बमोजिमको दरबन्दीभत्रिको सेवा/समुहसँग मिल्दो स्वास्थ्यकर्मीको गाउँपालिका क्षेत्रभित्रका स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य केन्द्रमा अभाव रहेमा त्यस्ता पदको स्वास्थ्यकर्मीको व्यवस्थापन कार्यविधिमा व्यवस्था भए बमोजिम करार सेवामा हुनेछ ।

(४) अनुसूची १ मा व्यवस्था भएको करार दरबन्दीभित्रका स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीको तलब/भत्ता र सेवा सुविधा अस्पतालको क्षमताले नभ्याउञ्जेलसम्म स्वीकृत बजेट शीर्षकबाट कार्यालयले व्योहोर्नेछ ।

(५) समितिले सुरक्षाका लागि खटिने जनशक्तिको व्यवस्थापन परामर्श सेवाबाट गर्नु पर्नेछ।

१०. समितिको कोषः

(१) समितिको नाममा एउटै छुट्टै कोष रहनेछ ।

(२) उपनियम (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहने छः

(क) नेपाल सरकारबाट अस्तपाललाई प्राप्त हुने रकम,

(ख) प्रदेश सरकारबाट अस्पताललाई प्राप्त हुने रकम,

(ग) अस्पतालले प्रदान गरेको सेवा वापत् प्राप्त हुने रकम,

(घ) गाउँपालिकाबाट अस्पताल सञ्चालन तथा व्यवस्थापनका लागि प्राप्त हुने रकम,

(ङ) स्वदेशी तथा विदेशी संघ/संस्था वा व्यक्तिबाट प्राप्त हुने दान, दातव्य, चन्दा वा अन्य कुनै रकम,

(च) अन्य स्रोतबाट प्राप्त हुने रकम ।

(३) समितिले उपनियम (२) को खण्ड (ङ) र (च) बमोजिमको रकम प्राप्त हुनु अघि कार्यपालिकाको स्वीकृती लिनु पर्नेछ ।

(४) समितिले कोषमा रहेको रकम राष्ट्रिय बाणिज्य बैंक, प्रसौनी शाखामा खाता खोली जम्मा गर्नेछ।

(५) अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यका लागि समितिको निर्णय अनुसार मात्र कोषमा भएको रकम खर्च गर्न सकिनेछ ।

(६) समितिको कोषको सञ्चालन ४ नं. वडाका वडा सचिव र अस्पतालका ज्येष्ठतम् स्थायी स्वास्थ्यकर्मीको संयुक्त दस्तखतबाट हुनेछ ।

११. सम्बन्धित कार्यको लागि मात्र रकम खर्च गर्नुपर्नेः नेपाल सरकार वा प्रदेश सरकार वा गाउँपालिकाबाट समितिलाई प्राप्त हुने रकम जुन कार्यका लागि प्राप्त हुने हो सोही कार्यका लागि मात्र खर्च गर्नु पर्नेछ ।

१२. लेखा र लेखापरीक्षणः

(१) समितिको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम राखिनेछ ।

(२) समितिले आफ्नो सेवा प्रवाह र आय व्ययको वार्षिक रुपमा सार्वजनिक परीक्षण गराउनु पर्नेछ ।

(३) समितिको आन्तरिक लेखा परीक्षण आन्तरिक लेखा परीक्षण उपशाखाबाट हुनेछ ।

(४) समितिको अन्तिम लेखा परीक्षण कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(५) कार्यालयले चाहेमा समितिको आय व्ययको लेखा, नगदी, जिन्सी वा अन्य कागजात जुनसुकै वखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

१३. समितिका पदाधिकारीको बैठक भत्ताः

(१) समितिका पदाधिकारीले बैठकमा भाग लिए वापत् प्रति बैठक एक हजार रुपैंया बैठक भत्ता समितिको कोषबाट उपलब्ध गराइने र निर्देशिका बमोजिम खाना तथा खाजाको व्यवस्था गराइनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिको बैठकमा भाग लिए वापत वर्षभरीमा अधिकतम अठार वटा बैठकको मात्र बैठक भत्ता उपलब्ध गराइनेछ।

(३) वर्षभरीमा अठारवटा भन्दा बढी समितिको बैठक बसेमा समितिले निर्देशिका बमोजिम खाना तथा खाजाको व्यवस्था भने गराउन सक्नेछ ।

१४. प्रोत्साहन भत्ता तथा अन्य सेवा/सुविधा उपलब्ध गराइनेः

(१) अस्पतालको स्वीकृत दरबन्दीभित्रका मेडिकल अधिकृतलाई नेपाल सरकारले तोकेको न्युनतम मासिक तलब, भत्ता, सेवा/सुविधाका अतिरिक्त गाउँपालिकाको तर्फबाट प्रति महिना मासिक पचास हजार रुपैया रकम प्रोत्साहन भत्ता स्वरुप उपलब्ध गराइनेछ।

(२) समितिले कार्यपालिकाको स्वीकृतीमा स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही कोषमा उपलब्ध रकमबाट अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीलाई थप सेवा सुविधा उपलब्ध गराउन सक्नेछ ।

१५. वार्षिक प्रतिवेदन पेश गर्नुपर्नेः

(१) समितिले वर्षभरीमा सम्पादन गरेका काम कारवाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष सम्पन्न भएको मितिले एक महिनाभित्र गाउँपालिकाका अध्यक्ष समक्ष पेश गर्नु पर्नेछ ।

(२) गाउँपालिकाका अध्यक्षले उपनियम (१) बमोजिम प्राप्त वार्षिक प्रतिवेदन छलफलका लागि कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

१६. प्रमुख संरक्षक र संरक्षक सम्बन्धी व्यवस्थाः

(१) गाउँपालिकाका अध्यक्ष अस्पतालको प्रमुख संरक्षकको रुपमा रहनेछन् ।

(२) गाउँपालिकाका उपाध्यक्ष अस्पतालको संरक्षकको रुपमा रहनेछन् ।

१७. निर्देशन पालना गर्नुपर्नेः कार्यपालिका वा कार्यालयले दिएको निर्देशनको पालना गर्नु समिति र अस्पताल दुवैको कर्तव्य हुनेछ ।

१८.कार्यपालिकासँग सम्पर्कः समितिले कार्यपालिकासँग सम्पर्क राख्दा प्रमुख प्रशासकीय अधिकृत मार्फत् मात्र राख्नु पर्नेछ।

१९. सङ्घीय तथा प्रादेशिक कानून लागू हुनेः आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा सङ्घीय तथा प्रादेशिक कानूनले निर्दिष्ट गरेमा अस्पताल सञ्चालन तथा व्यवस्थापनमा सोही कानून लागू हुनेछ ।

२०. कार्यविधि वा निर्देशिका वा मापदण्ड बनाउन सक्नेः

(१) यस नियमावलीमा उल्लिखित व्यवस्थाको प्रतिकूल नहुने गरी अस्पतालबाट उपलब्ध हुने सेवा सुविधालाई थप व्यवस्थित बनाउन कार्यालयले आवश्यक कार्यविधि वा निर्देशिका वा मापदण्ड बनाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको कार्यविधिको पालना गर्नु समिति र अस्पतालको कर्तव्य हुनेछ ।

२१. बाधा अड्काउ फुकाउन सक्नेः यस नियमावलीमा उल्लिखित व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा कुनै वाधा/अड्काउ आइपरेमा कार्यपालिकाले निर्णय गरी त्यस्तो वाधा अड्काउ फुकाउन सक्नेछ ।

२२. यसै नियमावली बमोजिम भए गरेको मानिनेः प्रसौनी स्वास्थ्य चौकी सञ्चालन सम्बन्धमा यस अघि भए गरेका निर्णय एवम् कार्यहरु यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची–१

(नियम ९ को उपनियम (१) सँग सम्वन्धित)

प्रसौनी आधारभुत अस्पताल (दस शैया) को दरबन्दी

| सि.नं. | पद तथा तह | सेवा/समुह | दरबन्दी संख्या | स्वीकृत दरबन्दी पदपुर्तिको माध्यम | |
|---|---|---|---|---|---|
| | | | | स्थायी | करार |
| १. | मेडिकल अधिकृत, अधिकृत आठौं तह | स्वास्थय/ज.हे.स. | २ | ० | २ |
| २. | हे.अ./सिअहेव,स.पाँचौ/अधिकृत छैठौं तह | स्वास्थय/हे.इ. | ३ | ३ | ० |
| ३. | सिअनमी, स.पाँचौं/अधिकृत छैठौं तह | स्वास्थय/क.नर्सिङ | ३ | ३ | ० |
| ४. | स्टाफ नर्स, सहायक पाँचौं तह | स्वास्थय/ज. नर्सिङ | ३ | ० | ३ |
| ५. | रेमडयोग्राफर, सहायक पाँचौं तह | स्वास्थय/रेडियोग्राफी | २ | ० | २ |
| ६. | ल्याब टेक्निसियन,सहायक पाँचौं तह | स्वास्थय/मे.ल्या.टे. | १ | ० | १ |
| ७. | ल्याब असिष्टेण्ट, सहायक चौथौ तह | स्वास्थय/मे.ल्या.टे. | २ | ० | २ |
| ८. | अहेव, सहायक चौथो तह | स्वास्थय/हे.इ. | ३ | १ | २ |
| ९. | अनमी, सहायक चौथो तह | स्वास्थय/क. नर्सिङ | २ | २ | ० |
| १०. | कार्यालय सहयोगी,श्रेणिविहीन (प्रथमस्तर) | | २ | ० | २ |
| ११. | स्वीपर, श्रेणीविहीन (प्रथमस्तर) | | २ | ० | २ |
| १२. | सरुक्षा गार्ड (परामर्श सेवामा व्यवस्थापन गर्ने) | | | | |
| समितिले मनोपरामर्श सेवा परामर्श सेवामा उपलब्ध गराउनु पर्नेछ। | | | | | |
| जम्मा | | | २५ | ९ | १६ |
| द्रष्टव्यः "स्थायी" भन्नाले कर्मचारी समायोजन ऐन बमोजिम गाउँपालिका क्षेत्रभित्रका स्वास्थ्य संस्थामा समायोजन भई स्थायी दरबन्दीमा कार्यरत स्वास्थ्यकर्मीलाई सम्झनु पर्दछ । | | | | | |

गाउँ सभाबाट पारित मितिः २०८१।०३।३०

प्रमाणिकरण मिति २०८१।०३।३०

आज्ञाले

सुमित कुमार सिंह

प्रमुख प्रशासकीय अधिकृत